# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालसँग RMAB का डेपुटी गभर्नर Phajo Dorjee द्वारा भेटवार्ता



गभर्नर डा. चिरंजीबि नेपालसँग SAARCFINANCE Staff Exchange Program अन्तर्गत नेपालको रेमिटान्स व्यवस्थापन सम्बन्धमा अध्ययनका लागि Royal Monetary Authority of Bhutan (RMAB) का डेपुटी गभर्नर Phajo Dorjee को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले फागुन ३० गते उहाँको कार्यकक्षमा शिष्टाचार भेटवार्ता गऱ्यो ।

भेटवार्ताका अवसरमा डेपुटी गभर्नर Dorjee ले रेमिटान्स व्यवस्थापनका लागि नेपालले गरेका प्रयत्नहरुका बारेमा अध्ययन गर्ने सिलसिलामा नेपाल भ्रमणमा आएको जानकारी गराउनु भएको थियो । उक्त अवसरमा गभर्नर डा. नेपाललाई Royal Monetary Authority of Bhutan को भ्रमणका लागि गभर्नर Dasho Penjore ले पठाउनु भएको निमन्त्रणा पत्र समेत उहांले हस्तान्तरण गर्नुभएको थियो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले भ्रमण टोलीलाई स्वागत गर्दै रेमिटान्स व्यवस्थापनमा नेपाल राष्ट्र बैंकले गरेका प्रयत्नहरुको बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । उक्त अवसरमा अन्य आपसी हितका बारेमा समेत छलफल भएको थियो ।

टोलीका साथ RMAB का अन्य तीन जना अधिकारीहरुको उपस्थिति रहेको थियो । यसै गरी नेपाल राष्ट्र बैंकका तर्फबाट डेपुटी गभर्नर शिवराज श्रेष्ठको समेत उपस्थिति रहेको थियो ।

**२०७२ फागुन ३०, आइतबार**

**गभर्नरको कार्यालय**